# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## महादेवस्थान, काभ्रे ।

**फोन नं. ०११४१२११३**

**नगरस्तरिय सडकहरुको डिटेल प्रोजेक्ट रिपोर्ट तयारका लागी परामर्श सेवा सम्बन्धी प्रस्ताव पेश गर्ने बारेकोसम्बन्धी सुचना ।**
**(प्रथम पटक प्रकाशित मिति २०७५/०६/१८)**

यस नगरपालिकाको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुरुपका नगरस्तरिय सडकहरुको परामर्श सेवाद्धारा डिटेल प्रोजेक्ट रिपोर्ट (DPR)तयार गर्नको लागि तपसिल बमोजिमको योग्यता पुगेका फर्म,संस्था,कन्सल्टेन्सीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सिलवन्दी दरभाउ पत्र (प्रस्ताव) सार्वजनिक खरिद ऐन २०६३ को दफा ३०, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ को उपनियम ३ बमोजिम पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

## तपसिल

| प्रस्ताव नं | सडकको नाम | कार्य बिवरण | फर्म/ TOR पाइने स्थान | दरभाउपत्र फारमको मूल्य रु |
|---|---|---|---|---|
| ०१।०७४।०७५ | हिगुवापाटी-गैरिविसौना-नगरकोट सडक(१७.५ कि.मी) | डिटेल प्रोजेक्ट रिपोर्ट ( DPR) तयार गर्ने | मण्डनदेउपुर नगरपालिकाको कर्यालय राजश्व उप-शाखा | रु १,००० ।- ( पछि फिर्ता नहुने) |
| ०२।०७४।०७५ | फेदी-जैशिथोक-चण्डेनी-हलेदेछाप-आँपघारी सडक(१२.५ कि.मी) | | | |
| ०३।०७४।०७५ | सिपाघाट-चुरीथुम्का-कार्तिके सडक(१२.५ कि.मी) | | | |
| ०४।०७४।०७५ | महादेवस्थान-पौवा-चण्डेनी-रामपुर-कोलाचौर सडक(१२.५ कि.मी) | | | |

| | | | | |
|---|---|---|---|---|
| ०५।०७४।०७५ | बयरबोट-सिंगे -चित्ते -मेसागाउ-सल्लेबास -रानीवन-चुरिथुम्का सडक(१२.५ कि.मी) | | | |

नगरस्तरिय सडकहरुको परामर्श सेवाद्धारा डिटेल प्रोजेक्ट रिपोर्ट तयार गर्नको लागि आवश्यक TOR यस कार्यालयबाट लिनुपर्नेछ ।

## सिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु

१) योग्यता पुगेका इन्जिनियरिंग फर्म, संस्था, कन्सलटेन्सी फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृदी कर दर्ता सहितको स्थायी लेखा नं. दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको कर चक्ता प्रमाणपत्र संलग्न राखि निवेदनमा रु १० को टिकट टाँसि सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र यस कार्यालयको राजश्व उप-शाखाबाट प्रस्ताबपत्र दस्तुर बुझाई सिलबन्दी उक्त फारम लिन सकिनेछ ।

२) ईच्छुक इन्जिनियरिंग फर्म, संस्था, कन्सलटेन्सी फर्म,संस्थाले फारम साथ सि.नं. १ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३) प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्तवलाई छुट्टाछुट्टै सिलबन्दी रुपमा पेश गर्नुपर्दछ । एकमुस्ठ पेश गरिएको प्रस्तावलाई स्वीकार गरिनेछैन ।

४) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको दर्ता शाखामा रितपूर्वक पेश भएका प्रस्तावहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ ।

५) आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्दा प्रस्तावदाताहरुले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० को उपनियम ३ बमोजिम विवरणहरु अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।

६) प्राविधिक प्रस्तावको मूल्यांकन पछि आर्थिक प्रस्ताव खोल्ने मिति यस कार्यालयबाट सार्वजनिक सूचनाको माध्यमबाट तोकिनेछ ।

७) यो सम्बन्धित अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ ( संशोधन सहित) एवं अन्य प्रचलित कानून अनुसार हुनेछ ।